# पाखीबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### पाखीबास, धनकुटा

२०७३

१ नं.प्रदेश नेपाल

मिति :२०७८/०१/३०

सूचना! सूचना !! सूचना!!!

हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको सकमण दर पाखीबास नगरपालिका क्षेत्रभित्र समेत देखिने क्रममा रहेकोले आज मिति २०७८/१/३० गतेका दिन पाखीबास नगरपालिका कोभिड १९ संकट व्यवस्थापन केन्द्र (CCMC) को बैठकको निर्णय अनुसार आजका मितिबाट लागु हुने गरी २०७८/०२/०४ गतेसम्म देहाय बमोजिमका कार्यहरु गर्ने गराउन यो सार्वजनिक सूचना जारी गरिएको छ।

१. अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कने।

२. अत्यावश्यक काममा घर बाहिर निस्कनुपर्ने भएमा अनिवार्य रुपमा मास्क,स्यानिटाइजर जस्ता सामाग्री प्रयोग गरी स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने।

३. पाखीबास नगरपालिका क्षेत्रभित्र सञ्चालित अस्पताल,स्वास्थ्य संस्थाहरु,औषधी पसलहरु,नीजि क्लिनिक बाहेकका सम्पूर्ण पसलहरु पूर्ण रुपमा बन्द गर्ने

४ .नगरबासीहरुको हितलाई मध्यनजर गर्दै नगर क्षेत्रभित्र सञ्चालित जनसरोकार सँग सम्बन्धित खाद्यान्न पसलहरु,तरकारी पसल र दुध डेरीहरु जनस्वास्थ्य सम्बन्धी मापदण्डहरु पालना गरी विहान ८ बजेसम्म मात्र सञ्चालन गर्ने।
५ .पाखीबास नगरक्षेत्र भित्र खाद्य सामाग्री र तरकारी ढुवानीसँग सम्बन्धित यातायातका साधन बाहेक अन्य सार्वजनिक तथा नीजि सवारी साधनहरु सञ्चालन नगर्ने।

६. पाखीबास नगर क्षेत्रभित्र पर्ने मध्यपहाडी लोकमार्गमा चल्ने सवारी साधनहरुले पाखीबास नगरपालिका क्षेत्र भित्र कुनै पनि स्थानमा यात्रुहरु चढाउन ओराल्न नदिने।

७. पाखीबास नगरपालिका क्षेत्रभित्र रहेका बैक तथा वित्तीय संस्थाहरु स्वास्थ्य सम्बन्धी मापदण्ड पूरा गरी दिनको १ बजेसम्म मात्र सञ्चालन गर्ने।

८.पाखीबास नगरपालिका क्षेत्रभित्र रहेका सरकारी कार्यालयहरुले अत्यावश्यक सेवा मात्र सञ्चालन गर्ने।

९.पाखीबास नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कुनैपनि व्यक्तिलाई कोरोना भाईरससँग सम्बन्धित कुनै पनि लक्षण देखा परेमा पाखीबास आधारभूत अस्पतालमा सम्पर्क गर्ने।
सम्पर्क नम्बर ९८६११२७९७९, ९८०२७४६९४१

१०. पाखीबास नगरक्षेत्र भित्रका हाटबजार,मनोरञ्जन स्थलहरु,सार्वजनिक तथा निजी क्याम्पस तथा विद्यालयहरु अर्को सूचना नआएसम्मका लागि पूर्ण रुपमा बन्द गर्ने।

११. सार्वजनिक जमघटका मन्दिर गुम्वा,देवीथान लगायतका धार्मिक स्थलहरुमा हुने धार्मिक तथा साँस्कृतिक कार्यहरु बन्द गर्ने।
१२. भिडभाड हुने सभा,सम्मेलन, आमभेला भोजभतेर जस्ता क्रियाकलापहरु नगर्ने

१३. विभिन्न जातजातीहरुले संस्कृतिको रुपमा मनाउने विभिन्न पर्वहरु आ-आफ्नै घरभित्र परिवारका सदस्यहरु मात्र सहभागी हुने गरी स्वास्थ्य सावधानी अपनाएर मनाउने।

१४. बालबालिका, दीर्घरोगी,अशक्त अपाङ्गता भएका व्यक्तिहरु,६० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकहरु र गर्भवती महिलाहरु घरबाट बाहिर ननिस्कने।

१५. विदेशबाट वा अन्यन्त्र पालिकाहरुबाट पाखीबास नगरपालिकाभित्र प्रवेश गरेका नागरिकहरु अनिवार्य रुपमा होम क्वारिन्टीनमा बस्ने।

०७८/१/३०
.......................
डिकबहादुर राई
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

प्रमुख प्रशासकीय अधिकृत